

# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ५१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २३ अंक २ पुस–माघ २०७२ Year 23 Vol 2 January 2016

## राष्ट्रिय वाणिज्य बैंकको

# ५१ औं वार्षिकोत्सव भव्यतापूर्वक मनाईयो

**माघ १० काठमाडौं**

वि.सं. २०२२ साल माघ १० गते नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित राष्ट्रिय वाणिज्य बैंक लिमिटेड् सेवाको ५१ औं वर्षमा प्रवेश गरेको छ। बैकको ५१ औ वार्षिकोत्सव सप्ताहव्यापी रुपमा विविध कार्यक्रमहरु आयोजना गरी मनाइयो ।

सो सिलसिलामा केन्द्रीय कार्यालयमा आयोजित मूल समारोहको अर्थ राज्यमन्त्री दामोदर भण्डारीले पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नु भएको थियो । सो अवसरमा अर्थ राज्यमन्त्री दामोदर भण्डारीले बैकको प्रकाशन उपहार पत्रिकाको विमोचन गर्दै बैक नाफामुखी व्यवसाय भएतापनि सामाजिक उत्तरदायित्व समेत भएकोले राष्ट्रिय वाणिज्य बैंकले विपन्न वर्गसम्म वित्तीय साक्षरता र वित्तिय पहुंच पुऱ्याई राष्ट्रको विकासमा सघाउनु पर्ने तथा प्रविधिको अधिकतम प्रयोगबाट सेवाग्राहीलाई आधुनिक छिटो छरितो सेवा उपलब्ध गराउनु पर्ने वताउनुभयो । सो अवसरमा अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार डा. गोविन्द नेपालले रावावैकको समग्र सुधार निम्ति आवश्यक नीतिगत व्यवस्था निम्ति सरकारको ध्यानाकर्षण गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो। सो अवसरमा सभापतिको आसनबाट रावावैक संचालक समितिका अध्यक्ष डा. रविन्द्र




प्रसाद पाण्डेले देशमा वित्तिय पहुंच र वित्तिय साक्षरता अभिवृध्दिमा रावावैकले आगामी दिनमा थप सक्रियता बढाउने वताउदै देशको मौद्रिक नीतको कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याईरहेको यस बैकको प्रभावकारिता अभिवृध्दिमा सबै सरोकारवालाबाट सद्भाव तथा सहयोगको अपेक्षा प्रकट गर्नुभयो ।

के.का. परिसरमा सम्पन्न उक्त समारोहमा बैकका का.मु. प्रमुख कार्यकारी अधिकृत भेष राज पन्थीले स्वागत मन्तव्य दिनुभएको थियो। सो क्रममा का.मु. प्रमुख कार्यकारी अधिकृत पन्थीले रावावैकले हाल सम्म हासिल गरेका उपलब्धिबारे चर्चा गर्दै बैकलाई यस उन्नत अवस्थामा ल्याईपुऱ्याउन योगदान



*'यहाँहरुले बैंकलाई यहाँसम्म ल्याईपुऱ्याउनु भयो' -पूर्व कर्मचारी गौरीशंकर उपाध्यायलाई सम्मान गर्दै प्रमुख अतिथि अर्थ राज्य मन्त्री दामोदर भण्डारी*

बाँकी पृष्ठ ३ मा

## यस अंकमा

- रावावैकको ५१ औं वार्षिकोत्सव
- उत्कृष्ठ शाखा तथा कर्मचारी घोषणा
- रावावैक कर्मचारीले वोनस पाउने
- काठमाडौदेखि जाकर्तासम्म यात्रा संस्मरण
- विविध तालीम/गोष्ठीहरु
- यूनियन गतिविधि साथमा स्थायी स्तम्भ

# विशेष ःसम्पादकीय

.....समय अत्यन्त वलवान छ, समयको चक्कमा हामी सबै वांधिनै पर्दछ । हामीलाई भगवान वा प्रकृतिले उपलव्ध गराएको समय यानी कालको कतिको इमान्दारीपूर्वक उपयोग गर्दछौं त्यसैमा जीवनको सार्थकता / निरर्थकता तौलिइन्छ ।

......भन्छन् सम्पादकहरु केवल अरुको खवर लेख्छन्, उनीहरुको खवर कसैलाई थाहा हुँदैन । हो, हामीले पनि धेरै वर्ष सम्म राष्ट्रिय वाणिज्य बैकका गतिविधि, यस बैकका कर्मचारीका सुख दुखका खवर, यस बैकका ग्राहकको आवाज आदीबारे धेरै लेख्यौ आज हामी हाम्रै बारेमा खवर लेख्दैछौं ... वि.सं. २०४२ मा बैंक सेवा प्रवेश गरेको कर्मचारी समूहका साथमा हामी अवकाशमा जादैछौं ।

.......अस्तिजस्तो लाग्छ यो बैकमा प्रवेश गरेको तर थाहै नपाई जीवनका महत्वपूर्ण उर्जाशील झण्डै तीन दशकको अवधि यस बैंकको सेवामा वितेछन् ।

.......विगत २३ वर्ष अघि आरम्भ भएको रावावैक समाचार केही वर्ष अवरुध्द भएतापनि  वि.स.२०५९ सालमा बैकमा व्यवस्थापन करार आरम्भ भएयता निरन्तर रुपमा प्रकाशित हुंदै आएको छ, त्यतिबेलादेखि नै हामी यसमा आवध्द भयौं, यद्यपी हामी पेशाले पत्रकार होइनौं तर परिस्थितिले पत्रकार भयौं, पत्रकारिता गऱ्यौं, रावावैक समाचारसंग आवध्द भएको पनि १२ वर्ष नै नाघेछ ।

.......बैकमा पत्रकारिताको के काम ? धेरैलाई लाग्न सक्छ, शायद यही सोंचले होला यसको उत्तराधिकार सम्हाल्ने साथीहरुमा त्यति इच्छा जाँगर देखिदैन । तर त्यसो होइन, सूचनामा शक्ति हुन्छ गलत सूचनाले संस्थालाई ध्वस्त पार्न सक्दछ, राम्रो सूचनाले संस्थालाई सवल बनाउंदछ, नेपालको संविधानले सूचनाको हक स्थापित गरेको छ, कुनै पनि सार्वजनिक संस्थानको सार्वजनिक दायित्व हुन्छ, यही दायित्वबारे हुने सामाजिक लेखा परीक्षणमा खरो उत्रन हाम्रा क्रियाकलापहरु उचित हुनु पर्दछ र ती क्रियाकलाप सरोकारवालाको जानकारीमा हुनु पर्दछ, अनि कुनै पनि व्यावसायिक संस्थाको जीवन्तता र विकास निम्ति ख्याती महत्वपूर्ण हुन्छ, ख्याती बैकको त्यस्तो महत्वपूर्ण अस्पर्श्य सम्पत्ति हो जसको जगमा अन्य सम्पत्ति अडेका हुन्छन् र बढी मूल्यको विज्ञापनले भन्दा स साना समाचारहरुले ख्याती सम्वर्ध्दनमा योगदान पुऱ्याउंदछन् । सूचनाको हकको सम्मान निम्ति सार्वजनिक जानकारी  प्रवाह र बैकको स्थायित्वका निम्ति ख्याती सम्वर्ध्दनका यी दुबै काम पत्रकारिताका माध्यमले पूरा गर्न सकिन्छ । यिनै दुई संस्थागत उध्देश्य पूरा गर्न हामी यसमा जुट्यौं ,हामी त्यसमा के कति सफल भयौं भएनौं यो मूल्यांकन यहांहरुकै जिम्मा ...... ।

हामी यस अवसरमा बैकको सूचना प्रवाहमा सहयोग पुऱ्याउने बैंक व्यवस्थापनका विभिन्न पदाधिकारीहरु, बैंकमा कार्यरत युनियनहरु र हाम्रो समाचारलाई स्थान दिने वाह्य संचार माध्यमका पत्रकार मित्रहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं । साथै  यस समाचारलाई सहयोगमा उदासीनता देखाउने मित्रहरुमा समेत धन्यवाद ज्ञापन गर्दछौं ।

.......हरेक सिर्जनाको यात्रा कष्टमुक्त हुंदैन र हाम्रो यो यात्रा पनि सहज पक्कै रहेन तर पनि हामी  यात्रामा रोकिएनौं, 'चरैवती चरैवती (हिडिराख, हिडिराख) र घोडाजस्तै मेहनत गर सन्यासीजस्तै जीवन विताउ' भन्ने हाम्रो  पूर्विय दर्शनको अनुशरण गर्दै हामी हिडिरह्यौ, बैकको बारेमा यहांबाट प्रेषित समाचार वाह्य संचार माध्यममा प्रकाशन, प्रसारण हुंदा, बैक समाचारका प्रति छापिएर बाहिर आउँदा हामी हरेक पटक प्रसव पीडा विर्सेर सन्तानको खुशीमा रमाउने आमाको अनूभूतिमा रंगियौं, कतै कर्मचारी साथीहरुबाट हुने पत्रकारको संवोधनमा फुर्कियौं । यिनै विविध अनुभूतिका साथ आत्मिय स्नेह मुटुमा सजाएर हामी अब निकट भविष्यमै वाहिरिने तरखरमा छौं, संभवत बैकको अधिकृतको हैसियतबाट हाम्रो सम्पादनमा निस्कने समाचारको यो अंक अन्तिम हुनसक्छ, हामी यतिबेला बैंक समाचारको जिम्मेवारी बहन गर्ने युवा, सक्षम र उत्शाही काँधको खोजिमा छौं । हाम्रो हार्दिक शुभेच्छा छ रावावैक समाचारले निरन्तरता पाईरहोस्, ..राष्ट्रिय वाणिज्य बैंकको जय होस् ।

**मुकुन्द अर्याल**
सम्पादक

**भरत नेपाल**
सम्पादक

प्रधान सम्पादक, **मुकुन्द अर्याल** / सह सम्पादक, **भरत नेपाल**
Email:rbbnl@rbb.com.np

## प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माको कार्यकाल पूरा

**पुस २० काठमाडौं**



०६८ पुस २१ गते राष्ट्रिय वाणिज्य बैंकमा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नुभएका श्री कृष्ण प्रसाद शर्माको ४ वर्षे कार्यकाल पूरा भएको छ । । यसैवीच ४ वर्षे कार्यकालमा प्रमुख कार्यकारी अधिकृतको रुपमा पुऱ्याउनुभएको उच्चतम योगदान निम्ति राष्ट्रिय वाणिज्य बैंक संचालक समितिले निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री शर्मालाई हार्दिक धन्यवाद ज्ञापन गरेको जानकारी कम्पनी सचिव श्री कृष्ण शर्मा पौडेलले दिनुभएको छ ।

## नायव प्रमुख कार्यकारी अधिकृत पन्थीलाई का.मु. प्र.का.अ.को जिम्मेवारी



**पुस २१ काठमाडौ**

राष्ट्रिय वाणिज्य बैकका नायव प्रमुख कार्यकारी अधिकृत श्री भेष राज पन्थीलाइ रावावैक संचालक समितिले अर्को व्यवस्था नभएसम्म कायम मुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी तोकेको छ । वि.सं २०४२ सालमा रावावैकमा वरिष्ठ सहायकमा सेवा प्रवेश गर्नुभएका श्री पन्थीले बैकका विभिन्न कार्यालयमा विगत झण्डै ३० वर्षयता विभिन्न जिम्मेवारीको अनुभव संगाल्नुभएको छ ।

## प्रमुख कार्यकारी अधिकृतको चयन प्रक्रिया जारी

राष्ट्रिय वाणिज्य बैंकमा नयाँ प्रमुख कार्यकारी अधिकृतको चयन प्रक्रिया जारी छ । गत पौष २० गते नेपाल सरकार नेपाल सरकार अर्थ मन्त्रालयका अर्थ सचिव श्री कृष्ण प्रसाद देवकोटाको अध्यक्षतामा रावावैक संचालक समितिका सदस्यद्वय श्री निर्मलहरि अधिकारी र श्री वटुक नाथ ढकाल सम्मिलित ३ सदस्यीय प्रमुख कार्यकारी अधिकृत छनोट समिति गठन भएको थियो । उक्त समितिमा पछि विज्ञको रुपमा श्री महाप्रसाद अधिकारी र श्री विमल वाग्लेलाई समावेश गरिएको थियो ।

रावावैक प्रमुख कार्यकारी अधिकृत छनोट समितिले प्रमुख कार्यकारी अधिकृतको विज्ञापन प्रकाशित गरेकोमा १६ महानुभावहरुले सो पद निम्ति आवेदन दिनुभएको थियो । सर्वश्री डा.धमान सिंह खड्का, रामदेव यादव, अनिल कुमार उपाध्याय, भेषराज पन्थी, शालिग्राम वाग्ले, सुरेन्द्र कुमार वजिमयो, कृष्णप्रसाद शर्मा, कविराज अधिकारी, भुपेन्द्र पाण्डे, किरण कुमार श्रेष्ठ, सुन्दरराम बोहरा, कृष्णकुमार भट्टराई, अशोक कुमार खड्का, गोपीकृष्ण न्यौपाने, कृष्ण प्रसाद आचार्य, सुमन न्यौपानेको आवेदन प्राप्त भएकोमा पहिलो चरणमा सर्वश्री अनिल कुमार उपाध्याय, भेषराज पन्थी, कृष्णप्रसाद शर्मा, किरण कुमार श्रेष्ठ, कृष्ण प्रसाद आचार्य छानिनुभएको छ ।

## राष्ट्रिय वाणिज्य बैकको मुनाफा १ अर्ब ७ करोड

राष्ट्रिय वाणिज्य बैंकले चालु आर्थिक वर्षको प्रथम आधा अवधिमा रु १ अर्ब ७ करोड खुद मुनाफा आर्जन गरेको छ ।

## रावावैकद्वारा ब्रान्चलेस बैकिंग सेवा विस्तार

राष्ट्रिय वाणिज्य बैंकले वाह्य संस्थासंगको सहकार्य र आफ्नै पहलमा ओखलढुंगाको खानीभन्ज्यांग, रामपुर, कोसट, घोराखोरी, फलांटेबजार, वुक्तेलबजार, गाम्नांगबजार, रुम्जाटार, रामेछापको वाम्थली, वेतौली, धोविबजार, ठांटीबजार, गाल्वावजार र सिन्धुलीको खुर्कोटबजार लगायतका १४ स्थानमा ब्रान्चलेस बैकिंग सेवा विस्तार गरेको छ । बैकको कुल विएलवि अव ६७ पुगेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको ५१ औं ...

क्रमश पृष्ठ १ बाट

पुऱ्याउने सबैप्रति धन्यवाद प्रकट गर्नु भयो । सो अवसरमा का.मु. प्रमुख कार्यकारी अधिकृत पन्थीले आगामी दिनमा बैंकद्वारा सेवाको क्षेत्र, गुणस्तर र क्षमतामा आमूल परिष्कार गरिने प्रतिवध्दता प्रकट गर्दै देशकै अग्रणी बैंकको नाताले देशको पुंजी बजारको विकासमा टेवा पुऱ्याउन मर्चेन्ट बैकिग अन्तर्गत सहायक कम्पनी तथा ग्रामीण तथा विपन्न वर्गका जनतासम्म वित्तिय पहुंच पुऱ्याउन लघुवित्त कम्पनी स्थापना गरिने वताउनुभयो ।

सो अवसरमा राष्ट्रिय वाणिज्य बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत जनार्दन आचार्यले रावावैकको दिगो सुधारका लागि व्यावसायिक व्यवस्थापनको आवश्यकता दोहोऱ्याउनु भयो । राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कुमार कार्कीले रावावैक केकाको यति सुन्दर भवन जताततै बारेर विगार्नु नहुने वताउनु भयो । नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दीपेन्द्र कार्कीले कर्मचारीका वृत्ति विकास निम्ति व्यवस्थापनले गंभीर चासो देखाउनु पर्ने वताउनुभयो । नेपाल वित्तिय संस्था कर्मचारी संघका अध्यक्ष जितेन्द्र सिंह थापाले प्रमुख कार्यकारीको चयनबाट बैक गुज्रिरहेको यो महत्वपूर्ण बेलामा व्यावसायिक प्रमुख कार्यकारीलाई बैंकको नेतृत्व दिनुपर्ने बताउनुभयो । यसैगरि



रक्तदातालाई बैंकको तर्फबाट चिनो र प्रमाणपत्र प्रदान गर्दै रावा बैंक सञ्चालक समितिका अध्यक्ष डा. रविन्द्र प्रसाद पाण्डे

रावावैक कर्मचारी संघ नेपालका अध्यक्ष नारायण प्रसाद सुवेदीले रावावैकका कर्मचारीको गुम्नै लागेको बोनस पाउने अधिकारको पक्षमा सम्मानित अदालतबाट प्राप्त फैसला निम्ति सबै कर्मचारीलाई वधाई ज्ञापन गर्नुभयो । बैकमा व्यावसायिक व्यवस्थापनको आवश्यकतामा दुइमत नरहेतापनि कुनै सरकारले नियुक्त गरेको प्रमुख व्यावसायिक हुने कुनै सरकारले नियुक्त गरेको व्यक्ति व्यावसायिक नहुने भन्ने दोषपूर्ण दृष्टि राख्न नहुने बताउनुभयो । सो अवसरमा बैकका भूतपूर्व ३ कर्मचारी सर्वश्री देवीचन्द्र श्रेष्ठ, गौरीशंकर उपाध्याय, जानकी गंगोललाई सम्मान गरिनुका साथै दीर्घ सेवा गर्ने कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो । सोही अवसरमा उत्कृष्ठ शाखा तथा कर्मचारीको नाम समेत घोषणा गरिएको थियो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकद्वय भीष्मराज ढुंगाना र नारायणप्रसाद पौडेल,कृषि विकास बैंक संचालक समितिका अध्यक्ष प्रमोद कार्की, रावावैक संचालक समितिका सदस्यहरु ,नेपाल बैक लिमिटेड्का प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाह, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लिला प्रकास सिटौला,कर्मचारी संचय कोषका प्रशासक कृष्ण आचार्य लगायतका महानुभावको समुपस्थिति थियो । सो समारोहमा रावावैकका उच्च पदस्थ अधिकृतहरुका साथै वहालवाला र सेवा निवृत्त कर्मचारीहरुको ब्यापक उपस्थिति थियो ।

यसै सिलसिलामा बैकको वित्तिय साक्षरता कार्यक्रम अन्तर्गत रावावैक वित्तिय साक्षरता अभियान उपसमितिद्वारा माघ ९ गते वृहत प्रभात फेरी कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमको बैक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र




वित्तिय साक्षरताको प्रभातफेरीमा रावाबैंक कर्मचारीहरु

प्रसाद पाण्डेले शुभारम्भ गर्नुभयो । बैकको वित्तिय साक्षरता अभियान उपसमितिको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरुले 'वचत गरौं भविष्यको भर गरौ', 'उद्यमशीलता बढाऔं वेरोजगारी हटाऔं' 'बैकबाटै कर्जा लिने बानी गरौं, कर्जाको सदुपयोग गरौ' 'नोटको जतन गरौं, राष्ट्रिय खर्च कम गरौं' जस्ता प्लेकार्ड बोकी काठमाडौ महानगरपालिकाका महत्वपूर्ण स्थानहरुको परिक्रमा गरेका थिए । उक्त प्रभात फेरी कार्यक्रममा बैकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थी, रावावैक वित्तिय साक्षरता अभियानका संयोजक तथा नायव महाप्रवन्धक भुपेन्द्र पाण्डे लगायत बैकका उच्च पदस्थ अधिकृतहरुसहित करिव २०० कर्मचारीको सहभागिता थियो । यसैक्रममा बैकद्वारा आयोजित रक्तदान कार्यक्रममा ६५ जना रक्तदाताले रक्तदान गरे ।

यसअघि बैकको ५१ औ वार्षिकोत्सव भव्यतापूर्वक मनाउन का.मु. प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीको संयोजकत्वमा नायव महाप्रवन्धकहरु, विभागीय प्रमुखहरु,मुख्य प्रवन्धकहरु तथा क्षेत्रीय प्रवन्धक सम्मिलित २७ सदस्यीय वार्षिकोत्सव समारोह मूल समिति गठन गरिएको थियो । यस अन्तर्गत नायव महाप्रवन्धक भुपेन्द्र पाण्डेको संयोजकत्वमा प्रभातफेरि उपसमिति, नायव महाप्रवन्धक सुशिल श्रेष्ठको संयोजकत्वमा रक्तदान उपसमिति, नायव महाप्रवन्धक



रक्तदान कार्यक्रमको एक झलक

कविराज अधिकारीको संयोजकत्वमा सम्मान तथा पुरस्कार उपसमिति, नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यको संयोजकत्वमा उपहार पत्रिका प्रकाशन उपसमिति, नायव महाप्रवन्धक सुरेन्द्र कुमार वजिमयोको संयोजकत्वमा अतिथि सत्कार तथा मन्च व्यवस्थापन उपसमिति गठन गरिएको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकको ५१ औं ...

# उत्कृष्ठ शाखा कार्यालय

**सर्वोत्कृष्ठः शाखा कार्यालय लालवन्दी**

**उत्कृष्ठ शाखा कार्यालयहरु**

**क वर्ग** – प्रथम वानेश्वर, द्वीतिय अमरसिंहचोक, तृतिय वुटवल खस्यौली

**ख वर्ग** – प्रथम भैरहवा, द्वीतिय धनगढी, तृतीय भरतपुर

**ग वर्ग** – प्रथम सिन्धुली, नारायणगढ, द्वीतिय सूर्यविनायक, मैतीदेवी, तृतिय दमक

**घ वर्ग** – प्रथम लालवन्दी द्वीतिय मन्थली तृतीय दैलेख

**ङ वर्ग** – प्रथम सुनवल, द्वीतिय इलामबजार, तृतीय चैनपुर

**उत्कृष्ठ कर्मचारी**

| क्र.सं. | नाम | कार्यालय |
|---|---|---|
| १ | प्रवन्धक सरोज वस्नेत | ब्रान्च अपरेसन विभाग |
| २ | संदीपजंग कार्की | पूर्वाधार तथा सह ... कर्जा विभाग |
| ३ | श्रीराधाकृष्ण भेटवाल | इलेक्ट्रोनिक विभाग |
| ४ | उप प्रवन्धक दीपक कुमार श्रेष्ठ | सम्पत्ति व्यवस्थापन विभाग |
| ५ | व.स. पुष्कर देव चापागांइ | वित्त विभाग |
| ६ | न.अधिकृत लक्ष्मण प्र. कोईराला | मु.शा.का काठमाडौ |
| ७. | स.शा.प्र देवनारायण चौधरी | शा.का. वेल्टार |
| ८. | व.स. राम कुमार आचार्य | शा.का. दिक्तेल |
| ९. | व.स. गंगाप्रसाद दंगाल | शा.का. चैनपुर |
| १०. | कनिष्ठ सहायक कल्पना पौडेल | शा.का. शिवगन्ज |
| ११. | क. स.चा. निलराज ढुंगेल | क्षे.का.विराटनगर |
| १२. | व.स.राजेन्द्र श्रेष्ठ | शा.का. वीरगन्ज |
| १३. | सहायक रामहरि अधिकारी | शा.का. गरुडाबजार |
| १४. | क.स. अमिता श्रेष्ठ | शा.का. सिन्धुली |
| १५. | क.स. अतिन्द्र राउत | शा.का. श्रीपुर |
| १६. | शा.प्र. राजु प्रसाद ढकाल | शा.का. धुलिखेल |
| १७. | स.स.प्र. गणेश खत्री | शा.का. थापाथली |
| १८. | व.स. कृष्ण आचार्य | शा.का.रामेछाप |
| १९. | व.स. पंकज लामिछाने | शा.का. कीर्तिपुर |
| २०. | व.स. अमृत ब.अधिकारी | शा.का. भैरहवा |
| २१. | व.स. ऋषिराम पराजुली | शा.का. पाल्पा |
| २२. | सहायक रघुनाथ गौतम | शा.का. वु.ख. |
| २३. | शा.प्र श्याम सुन्दर गौतम | शा.का. लमही |
| २४. | व.स. जितजंग सिंह | शा.का. वाजुरा |
| २५. | व.स. रामप्रसाद पौडेल | शा.का. विजुवार |
| २६. | नगद सहायक देव व.पाल | शा.का. जुम्ला |

# विभिन्न स्थानमा बैंकको वार्षिकोत्सव

## माघ १०, फिक्कल



सन्देश वर्ष २ अंक ३९ २०७२ माघ १७ गते आइतबार

**वृद्धवृद्धालाई बाणिज्य बैंकको साथ**

■ सन्देस सम्वाददाता

राष्ट्रिय वाणिज्य बैंक लिमिटेको ५१ औं वार्षिकउत्सवको अवसर पारेर राष्ट्रिय वाणिज्य बैंक फिक्कल शाखाले एक कार्यकमका बीच इलामको गोदक स्थित माईभगवती वृद्धाश्रममा रहेका वृद्धावृद्धालाई न्यानो कपडा र खाद्यान्न वितरण गरेको छ ।

बैंकको सामाजिक उत्तरदायित्व कार्य अन्तर्गत आश्रम व्यवस्थापन समितिका सदस्य राजेश पराजूलीको उपस्थितिमा बैंकका शाखा प्रबन्धक तारा सापकोटाले वृद्धवृद्धालाई कम्बल, बर्की र खाद्यान्न प्रदान गर्नुभएको थियो ।

सो अवसरमा प्रबन्धक तारा सापकोटाले बैंक पनि समाजकै एक हिस्सा भएकोले बैंकले नियमित बैंकिङ कारोबार बाहेक सामाजिक उत्तरदायित्वका कार्यहरुमा पनि सहभागिता जनाउदै आएको बताउनुभयो । वृद्धवृद्धा सधैं सम्माननीय र पूजनीय हूने भएकाले आफ्नो संस्थाका तर्फबाट सानो सहयोग गर्न पाउँदा खुसी मिलेको बैंकका प्रबन्धक तारा सापकोटाले बताउनुभयो ।

आउने दिनमा पनि समाजका बिभिन्न क्षेत्रमा गरिने सामाजिक कार्यहरुमा राष्ट्रिय बाणिज्य बैंकको सहभागिता सापकोटाको भनाइ छ । वृद्धाश्रम व्यवस्थापन समिति सदस्य राजेश पराजूलीले सामाजिक कार्यमा राष्ट्रिय बाणिज्य बैंकको सहभागिता प्रशंसनीय रहेकाले आउने दिनमा थप सहयोगको अपेक्षा गरिएको बताउनुभयो । वि.सं. २०२२ साल माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले हरेक वर्ष आफ्नो वार्षिकउत्सवका अवसरमा बिभिन्न सामाजिक कार्यहरु गर्दै आइरहेको छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंक बैंकिङ कारोबार, शाखा संख्या, निक्षेप ,कर्जा, नाफा लगायतका हिसावले देशकै सबैभन्दा ठुलो वाणिज्य बैंक हो ।

# नारायणगढ
# सडक बालबालिकालाई सहयोग

**१० माघ**

राष्ट्रिय वाणिज्य बैंक लि.को ५१ औं वार्षिकोत्सवको उपलक्ष्यमा सडक बालवालिकाको उचित स्याहार सुसार, शिक्षा दिक्षा तथा रोजगारीको अवसर श्रृजना गरी पुनर्स्थापना गर्ने पावन उद्धेश्यका साथ चितवनको नारायणगढमा स्थापना भएको "हाम्रो घर" लाई सहयोगार्थ रावावैक परिसरमा एक सहयोग कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा प्रमूख अतिथी युवा व्यवसायी श्री सुवोध प्रधान र शाखा प्रवन्धक श्री केशव प्रधानले संयुक्त रुपमा हाम्रो घरका उपाध्यक्ष श्री उद्योग कुमार पियालाई खाद्यान्न हस्तान्तरण गर्नुभयो । सो अवसरमा सडक वालवालिकालाई खाजा समेत प्रदान गरिएको थियो ।



प्रमुख अतिथी श्री सुवोध प्रधानले धन्यवाद तथा शुभकामना दिनु हुदै राष्ट्रिय वाणिज्य बैंकले पनि सामाजिक क्षेत्रमा काम गर्छ भन्ने आफुलाई थाहा नभएको तर आज आफुलाईनै यस कार्यक्रमको प्रमूख अतिथि बनाएकोमा गौरवको अनुभूति भएको भन्दै यस क्षेत्रमा शुरु देखिनै लागिरहेको र अझै निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

साथै उपाध्यक्ष श्री उद्योग कुमार पिया र सचिव श्री मिना खरेलले हाम्रो घर स्थापनाका असजिला दिनहरु देखि आज सफलता सम्म पुगेका दिनहरुको र सडक वालवालिकाहरुलाई पुनरस्थापना गरी शिक्षा,दिक्षा र रोजगारी दिएको विषयमा जानाकारी दिनु हुदै बैंकलाई धन्यवाद दिनु भएको थियो । हाल उक्त केन्द्रमा २३ जना वालवालिकाहरु आश्रित रहेका छन ।

शाखा प्रवन्धक केशव प्रधानको अध्यक्षतामा भएको उक्त कार्यक्रममा हाम्रो घरका पदाधिकारीहरु, वालकालिकाहरु र शाखा कार्यालयका कर्मचारीहरुको उपस्थिती रहेको थियो भने कार्यक्रम संचालन सहायक प्रवन्धक रामकृष्ण श्रेष्ठले गर्नु भएको थियो ।

(केशव प्रधानबाट प्राप्त रिपोर्टमा आधारित)

# नेपालगन्ज

**१० माघ**

नेपालगन्ज नगरमा अवस्थित रावावैकका क्षेत्रीय तथा शाखा कार्यालयको संयुक्त आयोजनामा त्रिभुवन चोकमा एक भव्य समारोहका बीच बैंकको वार्षिकोत्सव मनाईयो । उक्त कार्यक्रममा प्रमुख अतिथि बांके जिल्लाका प्रमुख जिल्ला अधिकारी वेदप्रसाद लेखक, विशेषः अतिथि नेपाल राष्ट्र बैंकका मुख्य निर्देशक भीष्म उप्रेती, वरिष्ठ उद्यमी तथा व्यवसायीहरु नन्दलाल वैश्य, विष्णु प्रसाद मैनाली, संजय जैन, शाखा प्रवन्धक राधेश्याम योगी, सेवा निवृत्त कर्मचारी पदम बहादुर भण्डारी, पूर्णचन्द्र शर्मा लम्साल र बैकभित्र कार्यरत ट्रेड यूनियन प्रतिनिधि कुस्माकर सिग्देल, हिम बहादुर नेपाली लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । क्षेत्रीय प्रवन्धक महेन्द्र प्रसाद अवस्थीको सभापतित्व तथा उप प्रवन्धक रामचरण वि.सि.को संचालनमा सम्पन्न उक्त कार्यक्रममा बैंक कर्मचारी, स्थानीय उद्यमी व्यवसायी लगायतका ग्राहक महानुभावको उपस्थिति थियो ।

# स्याङ्जाबजार

**१० माघ**

राष्ट्रिय वाणिज्य बैंकको ५१ औं वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालय समयभर ग्राहक सेवा अवरुध्द नहुने गरी बैक परिसरमा प्रवेश गर्ने सबै ग्राहकलाई जलपान गराइएको थियो ।

# काठमाडौं देखि जाकर्तासम्म

केशवप्रसाद लम्साल
मुख्य प्रवन्धक, राष्ट्रिय वाणिज्य बैंक

२०७२ भाद्र ५ गते देखि १८ गते सम्म अप्राका कन्सल्टेन्सी सर्भिस इण्डोनेसियाले आयोजना गरेको अध्ययन भ्रमणमा भाग लिने अवसर म सहित बैकका मुख्य प्रवन्धकहरु श्री टेकराज जोशी तथा श्री नरेश राज अर्याललाई प्राप्त भएको थियो । सो अध्ययन भ्रमणको उद्धेश्य देशको समग्र आर्थिक विकास तथा आर्थिक रुपमा विपन्न परिवारको उत्थानमा साना तथा मझौला उद्योग तथा व्यवसायले के कस्तो भूमिका निर्वाह गर्न सक्दछ र त्यस्ता उद्योग व्यवसाय सफल रुपमा संचालन गर्न व्यवसायीलाई कसरी संगठित गर्न सकिन्छ भनी अवलोकन तथा अध्ययन गर्नु रहेको थियो । यस अवलोकन




*केन्द्रिय बैक इण्डोनेसियाका पदाधिकारीहरुसँग छलफल गर्दै लेखक दायाँबाट प्रथम, रावाबैंकका कम्पनी सचिव टेकराज जोशी बायाँबाट दोश्रो*

भ्रमणमा नेपाल सहित भारत, केन्या, युगाण्डाका अवलोकनकर्ताको सहभागिता थियो । यस क्रममा इण्डोनेशियाका तीन वटा शहरहरु जाकर्ता, बाङडुङ र बालीको अवलोकन भ्रमण गरिएको थियो ।

इण्डोनेशिया भु मध्य रेखाको आसपासका करिव १७ हजार साना ठूला टापुहरुले बनेको देश हो । यहाँको जनसंख्या करिव २५ करोड रहेको छ । यहाँको तापक्रम वर्षभरि नै एकनास रहन्छ । यसले आफनो अर्थतन्त्रको बिकासको लागि साना तथा मझौला उद्योगलाई प्राथमिकतामा राखेको छ ।

हाम्रो अवलोकन भ्रमणको सुरुवात कृषि मंत्रालयबाट भएको थियो । साना- मझौला कृषि तथा उद्यम विकासको लागि यस मंत्रालय अन्तर्गत अलग्गै निर्देशनालय रहेछ । जसले यस सम्वन्धि नीति नियमको तर्जुमा गरी लागु गर्न केन्द्रिय बैंक, अन्य बैक तथा वित्तीय संस्था र सम्वन्धित व्यवसायी बिचमा समन्वय गर्ने र सरकारबाट प्रदान गरिने ब्याज अनुदान प्रदान गर्ने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत धेरैले सुविधा उपयोग गरेको कुरा हामीलाई जानकारी गराइएको थियो । साथै सो कार्यक्रम कसरी संचालन हुन्छ भनी जानकारी गराइएको थियो । देशको कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान १२ प्रतिशत रहेको र कृषि सम्वन्धि रणनीति निम्नानुसार रहेको जानकारी समेत गराइएको थियो ।

१. २५ करोड जनसंख्यालाई खाद्यान्न उपलब्ध गराउने ।
२. औद्योगिक कच्चा पदार्थ उपलब्ध गराउने ।
३. राष्ट्रिय आयमा कृषिको योगदानमा बृद्धि गर्ने ।
४. ग्रामिण जनतालाई रोजगारी प्रदान गर्ने ।

कृषि मंत्रालयले कृषि तथा साना उद्योगलाई तीन भागमा



*इण्डोनेसियन कासाभो सोसाइटीसंग सम्वन्धित व्यवसायीहरुले संचालन गरेको उद्योग अवलोकन ।*

विभाजन गरी कार्यक्रम संचालन गर्दै आएको छ ।

१. व्यवसायिक रुपमा सम्भाव्य तर बैकले लगानी गर्न नसक्ने ( Feasible but not Bankable): यस्ता व्यवसायलाई केही समय सरकारले अनुदान दिएर संचालन गर्दछ र पछि बैकहरुलाई लगानी गर्न प्रोत्साहन गर्दछ ।
२. व्यवसायिक रुपमा सम्भाव्य र बैकले हालसम्म लगानी नगरेको ( Feasible but not yet Bankable): यस्ता व्यवसायमा सरकारले केही समय ब्याज अनुदान दिएर लगानी गर्न प्रोत्साहन गर्दछ ।
३. सम्भाव्य र बैकले हाल लगानी गरिरहेको व्यवसाय ( Feasible and Bankable): यस्ता व्यवसाय सम्वन्धि नीतिगत सुधार गरी सहयोग गर्दछ ।

केद्रिय बैकका विभिन्न प्रान्तमा रहेका क्षेत्रीय कार्यालयहरुले आफैले सेवा प्रदायक व्यवस्थापन केन्द्र खोलेर साना मझौला कृषि तथा उद्यम विकासका लागि अन्य बैक वित्तीय संस्था र व्यवसायी बिच लगातार समन्वय गरिरहेको पाइयो ।

बैक तथा वित्तीय संस्थाहरुले वित्तीय पहुच नभएका व्यक्तिहरुका लागि धार्मिक, सास्कृतिक मूल्य मान्यतामा आधारित नीतिगत व्यवस्था गरी समूहको आधारमा (Self Help Group) कर्जा लगानी गर्ने गरेको देखियो । तर नेपालमा संचालित समुहमा आधारित कर्जा जस्तै त्यहाँ पनि केही समस्याहरु रहेको समेत जानकारी गराइएको थियो ।

द्रुत विकास गरी आगामी २०३० सम्म देशलाई विश्वको एक आर्थिक महाशक्तिको रुपमा स्थापित गर्न अघि बढिरहेको इण्डोनेसिया आफना नीतिगत तथा कार्यान्वयन तहमा रहेका कमिकमजोरी हटाई आर्थिक विकासमा अघि बढिरहेको प्रष्ट देख्न सकिन्छ ।

## ग्राहक सेवामा रा.वा. बैंकको अग्रसरता




*रावाबैंक केन्द्रीय कार्यालय स्थित ग्राहक सेवा कक्षमा ग्राहकको जिज्ञासाबारे जवाफ दिदै ब्राञ्च अप्रेसन विभागका व.स.लक्ष्मी लामा*

### यूनियन गतिविधि

## राष्ट्रिय वाणिज्य बैकका कर्मचारीको ऐतिहासिक जित

बैकको मुनाफा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याएर पनि केही वर्षयता बोनस प्राप्त गर्न नसकेका रावावैकका कर्मचारीले सम्मानित सर्वोच्च अदालत(स.अ.)बाट न्याय पाएका छन् । सर्वोच्च अदालतका माननीय न्यायाधीशद्वय श्री सुशीला कार्की र श्री दीपकराज जोशीको मिति ०७२ साल पुस १२ गतेको संयुक्त इजलासद्वारा जारी गरिएको परमादेशबाट यस बैकका कर्मचारीले वोनस प्राप्त गर्ने हक पुनर्स्थापित भएको हो । ...... राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. ०६५।०६६ देखि हालसम्म वितरण गर्न बांकी बोनस रकम वितरण गर्नु र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र कर्मचारीलाई वोनस वितरणको प्रवन्ध मिलाउनु, आ.व. ०७०।०७१ को तेश्रो त्रैमाशको लेखा परीक्षण नभएको वित्तिय नतिजामा वोनस वापत व्यवस्थासमेत गर्नु .....भन्ने स्पष्ट निर्देशन सम्मानित स.अ.को परमादेशमा रहेको छ । यस अघि रावावैकमा कार्यरत ४ वटै यूनियनहरुमध्ये रावावैक कर्मचारी संघ नेपालका केन्द्रीय अध्यक्ष नारायण प्रसाद सुवेदी,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैकका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापा ,नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैकका केन्द्रीय अध्यक्ष चन्द्रराज अधिकारी र राष्ट्रिय कर्मचारी संगठन नेपाल रावावैकका केन्द्रीय अध्यक्ष राजेन्द्रकुमार कार्कीले सम्मानित स.अ. मा यस सम्वन्धि मुध्दा दायर गर्नु भएको थियो । निसन्देह यस उपलव्धिले रावावैक कर्मचारीको हीत संरक्षण मात्र गर्ने नभई नेपाल र विश्वकै उत्पादकत्व आन्दोलनमा सकारात्मक प्रभाव पार्ने छ । कर्मचारी हीतको पक्षमा कर्मचारी यूनियनहरुद्वारा एकतावध्द रुपमा चालिएका कदममध्ये सर्वाधिक महत्वपूर्ण प्राप्तीको रुपमा रावावैक इतिहासमा दर्ज हुने यस उपलव्धिको दूरगामी सार्थकता त्यतिबेला हुनेछ जव यस बैकका आम कर्मचारीमा बैक विकासप्रतिको दायित्ववोध अरु गहन रुपमा बढि बैकको आर्जनशीलता बढ्ने छ, नेपाल र नेपालीको आर्थिक सामाजिक विकासमा यस बैकको योगदान अरु बढ्नेछ ।

## नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैक लि.को ९ औं वार्षिकोत्सव

पुस २१ काठमाडौ

नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैक लि. केन्द्रीय समितिको ९ औं वार्षिकोत्सव बैकको केन्द्रीय कार्यालय परिसरमा विशेष समारोहको आयोजन गरि मनाइयो । उक्त समारोहमा प्रमुख अतिथि







ए.ने.क.पा.माओवादीका केन्द्रीय सदस्य राज कुमार शर्मा,विशेष अतिथिहरु राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. रविन्द्र प्रसाद पाण्डे, रावाबैकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थी, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैकका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापा, रावावैक कर्मचारी संघका महासचिव वेद लावती लगायतका वक्ताले बैकका विविध पक्षहरुबारे धारणासहित शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक संगठनका केन्द्रीय अध्यक्ष दीपेन्द्र कार्कीको सभापतित्वमा, सचिव अशोक शिवाको संचालनमा सम्पन्न जलपान तथा शुभकामना आदान प्रदान कार्यक्रममा बैंकका उच्च पदस्थ अधिकारीहरु लगायत कर्मचारीहरुको उल्लेख्य उपस्थिति थियो ।

## फियन रावावैकद्वारा क्षमता अभिवृध्दि तालीम

**पुस १६ काठमाडौं**

नेपाल वित्तिय संस्था कर्मचारी संघ (फियन) रावावैकद्वारा आयोजित यूवा ट्रेड यूनियन कर्मीहरुको क्षमता अभिवृध्दि सम्वन्धी दुई दिवशीय तालीम कार्यक्रम सम्पन्न भयो । उक्त तालीम कार्यक्रमको समुद्घाटन समारोहमा प्रमुख अतिथि सांसद तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गगन थापाले कुनै पनि संगठनमा जुनसुकै आस्थाका कर्मचारीले राजनैतिक आस्थाभन्दा व्यावसायिक नैतिकतालाई बढी महत्व दिनुपर्ने वताउंदै जनसंख्याको ठूलो हिस्सा यूवा जनशक्ति रहेको नेपालमा समृध्द नेपालको खाका कोर्न सबै तह र तप्काका युवाहरु जुर्मुराउनु पर्ने वताउनुभयो । संघका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापाको सभापतित्व तथा महासचिव माधव दत्त पन्तको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय अध्यक्ष खिलानाथ दहाल, रावावैकका मुख्य प्रवन्धक केशव लम्साल, फियन राष्ट्रिय समितिका उपमहासचिव वासुदेव खत्री, महिला विभागका संयोजक ओमहरि गुरागांई, कार्यक्रम संयोजक प्रभा कुमारी जोशी लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । रावावैकका नायव महाप्रवन्धक भुपेन्द्र पाण्डे, विभागीय प्रमुखहरु टेकराज जोशी, रमिता सुवाल, निरुवावा जोशी लगायत बैक कर्मचारीको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहमा शाखा कार्यालय खरानीटारका सहायक प्रवन्धक अनिल राज पाण्डेले फियन गीत गाउनुभएको थियो ।

## फियनको केन्द्रीय परिषद बैठक वुटवलमा

यसैवीच नेपाल वित्तिय संस्था कर्मचारी संघ (फियन) रावावैक के केन्द्रीय परिषद भेला फागुन २८ र २९ गते वुटवलमा हुने भएको छ । उक्त कुराको जानकारी आयोजक संघका केन्द्रीय सदस्य हरिष्चन्द्र गौतमले बैक समाचारसंग कुराकानीका क्रममा दिनुभएको हो ।

## राविया नेपालको १०औं केन्द्रीय महाधिवेशन पोखरामा

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ (राविया) नेपालको १० औं केन्द्रीय महाधिवेशन चैत ५ र ६ गते पोखरामा आयोजना गरिने भएको छ । उक्त जानकारी संघका केन्द्रीय अध्यक्ष नारायण प्रसाद सुवेदीले बैक समाचारसंग कुराकानीका क्रममा दिनुभएको हो ।

# राष्ट्रिय वाणिज्य बैंक: अध्यक्ष डा. कार्कीको विदाई

पुस ३
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड्मा करिव १ वर्ष बैक संचालक समितिको अध्यक्षको जिम्मेवारी पूरा गरी हाल नेपाल धितोपत्र बोर्डको अध्यक्ष रहनुभएका डा. रेवत वहादुर कार्कीको बैकद्वारा एक समारोहका बीच विदाई गरियो । रावावैक संचालक समितिका नवनियुक्त अध्यक्ष डा. रविन्द्र प्रसाद पाण्डेको सभापतित्वमा सम्पन्न उक्त समारोहमा अध्यक्ष डा.पाण्डे र बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले डा. कार्कीले आफनो कार्यकालमा रावावैकको समग्र सुधारमा पुऱ्याउनुभएको योगदानको सराहना गर्दै देशको मौद्रिक नीति कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देशको ठूलो रावावैकको गुणात्मक एवं समग्र सुधारका लागि थप गतिशीलता निम्ति नीतिगत तथा व्यवस्थापकीय पहल अघि बढाईने प्रतिवध्दता प्रकट गर्नु भयो । सो अवसरमा विदाई हुनुभएका



अध्यक्ष डा. कार्कीले रावावैकले थप सुधारका निम्ति ग्राहक हीत संरक्षण ,कर्मचारी तालीम, यूनियनसंगको सहकार्य लगायतका क्षेत्रमा गुणात्मक सुधार ल्याई बैकको प्रतिष्पर्धिता बढाउनु पर्ने वताउंदै बैकको साधारण शेयर निष्काशनबाट बैकको प्रतिष्पर्धी क्षमता अरु बढ्ने हुंदा यसतर्फ सम्वध्द निकायबाट शीघ्र पहलको अपेक्षा प्रकट गर्नुभयो । बैंकका नायव प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीको विदाई तथा स्वागत मन्तव्यबाट आरम्भ उक्त समारोहमा बैक संचालक समितिका सदस्यहरु, बैकका नायव महाप्रवन्धकहरु,मुख्य प्रवन्धकहरु लगायत उच्च पदस्थ अधिकृतहरुको सहभागिता थियो ।

**कविता**

**कर्मचारीको धर्म**

कर्मचारी हामी सबै कर्ममा नै रमाउंछौ
धर्म हाम्रो यही ठानी कर्ममा नै रमाउंछौ
सानो ठूलो काम हुन्न हेला ठान्नु हुन्न
आफनो संस्था बनाउनलाई लाज मान्नु हुन्न
मिलिजुली काम गर्दा मन हुन्छ चंगा
यही भावमा काम गर्दा राम्रो चल्छ डुंगा
काम नै हो हाम्रो पूजा इश्वर पनि कामै
इमानको विउ रोपौं फल लाग्छ टम्मै



**सुरेन्द्र कुमार वजिमयो**
नायव महाप्रवन्धक,
रावावैक
(हाल निवृत्त)

## रावा बैंक समाचार खेलकुद विविध

# खुल्ला भेट्रन्स डवलमा रावावैक तृतीय

पुस ४ काठमाडौ
नेपाल भेट्रन्स टेबुल टेनिस संघ राष्ट्रिय टेवुल टेनिस् प्रशिक्षण केन्द्र लैनचौरद्वारा आयोजित खुला टेबल टेनिस प्रतियोगितामा रावावैकले तृतीय स्थान हासिल गरेको छ । ५० वर्ष माथिको खेलमा रावावैकका अग्र विष्ट,५५ वर्ष माथिको खेलमा लक्ष्मी सुवाल र मिक्स डवलमा प्रवीण श्रेष्ठ र प्रतीमा मानन्धरले तृतीय स्थान हासिल गरेका हुन् । पुरस्कृत खेलाडीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशव कुमार विष्टले पुरष्कार वितरण गर्नुभएको थियो ।

# महिला भलिवल



*फाईल फोटो: केही पहिले सम्पन्न भलिवल प्रतियोगितामा विजयी के.का. सा.से.वि.का सहायक पांचौ पदम कुमारी सापकोटा र गीता थापा*

# समवेदना

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भद्रपुरका सहायक प्रवन्धक निर्मल कुमार प्याकुरेलका पिता हरिप्रसाद प्याकुरेल (८३)को मिति ०७२।१०।२८ मा ,केन्द्रीय कार्यालय मानव संशाधन विभागका प्रवन्धक शिवहरि पौडेलकी माता शारदा पौडेलको मिति ०७२।९।१७ मा, मार्केटिंग तथा अनुसन्धान विभागका वरिष्ठ सहायक लवराज विष्टका पिता राम बहादुर विष्टको मिति ०७२।९।११ मा, आन्तरिक लेखा परीक्षण विभागका प्रवन्धक रामेश्वर भण्डारीकी माता शिव कुमारी भण्डारी, इलेक्ट्रोनिक विभागका सूचना प्रविधि अधिकृत मुरलीधर भट्टकी माता धर्मदेवी भट्ट, शाखा कार्यालय इनरुवाका प्रवन्धक इस्लाम बैठाका पिता लक्ष्मी बैठा, शाखा कार्यालय नाम्चेबजारका वरिष्ठ सहायक टुसुन्दर राई का पिता गिर बहादुर राई शाखा कार्यालय इलामबजारका सहायक प्रवन्धक महादेव चौधरी (१०५२८) का माता सजावती चौधरी, शाका. शिवगञ्जका नगद सहायक हरिकृष्ण श्रेष्ठकी माता माया श्रेष्ठ, शा.का. नारायणपुरका सहायक प्रवन्धक उदय वस्नेतकी माता नोत कुमारी वस्नेत, शा.का. कठौनाका प्रवन्धक मदन कुमार पौडेलकी माता कृष्णा कुमारी पौडेल, शा.का. वीरगन्जका नगद सहायक गोविन्द हरि मूलकी माता विष्णुमाया मूल, शा.का. त्रि.अ.वि स्थलका प्रवन्धक गणेश प्रसाद तिम्सिनाकी माता नैन कला तिम्सिना, शा.का. आर्यभन्ज्यांगका सहायक प्रवन्धक श्रीमान गाहाका पिता भूपाल गाहा, शा.का. विर्तामोडका व.स. डिल्लि प्रसाद तामांगकी माता सेतुमाया तामांग र शा.का. वेलवारीका वरिष्ट सहायक होम राज शर्माका पिता देवी प्रसाद न्यौपानेको केही पहिले निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक परिवार**

## रावा बैंक र राधा माधव समिति नेपाल



*राधे राधे -भूकम्प पीडितलाई न्यानो बस्त्र वितरणको निम्ति प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राष्ट्रिय वाणिज्य बैंकको चेक हस्तान्तरण गर्दै राधा माधव समिति नेपालका केन्द्रीय पदाधिकारीहरु (साभारः आध्यात्मिक सन्देश)*

## मलेखुमा राष्टिय वाणिज्य बैंकको काउन्टर

माघ ८ मलेखु

धादिंग जिल्लाको प्रमुख व्यापारिक केन्द्र मलेखुमा राष्ट्रिय वाणिज्य बैंकको काउन्टर स्थापना गरिएको छ। वैकको उक्त १७ औं काउन्टरको रावावैक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डेले एक समारोहका बीच शुभारम्भ गर्नुभयो । सो अवसरमा अध्यक्ष डा. पाण्डेले रावावैक कारोवार र प्रविधिको आधारमा नेपालको बैकिंग बजारमा अग्रपंक्तिमा रही २१ औ शताव्दीको आधुनिक बैकको रुपमा अघि बढिरहेको वताउनु भयो । सो अवसरमा अध्यक्ष डा.पाण्डेले बैक र ग्राहक अन्योन्याश्रित पक्ष रहेको, बैकले जहिले पनि ग्राहकसंग सहकार्य गर्ने सन्दर्भमा पूर्ण सरकारी यो बैक ग्राहकका पीर मर्काप्रति सदा संवेदनशील रहने




वताउँदै सो कार्यक्रमका क्रममा एक ग्राहकबाट व्यक्त चाहना तथा माग वमोजिम यस स्थानमा यथासंभव छिटो एटिएम राख्न बैक व्यवस्थापनलाई निर्देशित गर्नुभयो। सो समारोहमा राष्ट्रिय वाणिज्य बैकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीले राष्ट्रिय वाणिज्य बैकको समग्र सेवामा आमूल सुधार आएको वताउँदै ठूला परियोजनादेखि साना मझौला उद्यमका क्षेत्रमा वृहत संभावना रहेको धादिङ्ग कोरिडरमा अवस्थित प्रमुख व्यापारिक केन्द्र मलेखु बजारमा काउन्टरकै माध्यमबाट भएपनि उपस्थिति जनाउन पाएकोमा प्रशन्नता व्यक्त गर्नु भयो ।

क्षेत्रीय कार्यालय काठमाडौंका प्रवन्धक शशि आचार्यको सभापतित्व र शा.का. धादिंगका प्रवन्धक केशववावु घिमिरेको संचालनमा सम्पन्न उक्त कार्यक्रममा शाखा कार्यालय गजुरीका प्रवन्धक शंकर प्रसाद पौडेलले स्वागत मन्तव्य दिनुभएको थियो। सो समारोहमा उद्योग वाणिज्य संघ धादिंगका प्रतिनिधिहरु श्री शरद अधिकारी ,श्री चन्द्रकान्त अधिकारी ,हाईड्रो उद्यमी श्री देवप्रकाश त्रिपाठी, सवुजगणका श्री रासु गिरी लगायतका महानुभावसहित स्थानीय व्यापारी,उद्यमी तथा सर्वसाधारणको उपस्थिति थियो। (क्षे.का. काठमाडौका उप प्रवन्धक रविन्द्र पोखेलको सहयोगमा तयार सामग्रि ........)



*केही पहिले मन्थलीमा सम्पन्न बिएलबि तालीम कार्यक्रमको एक झलक (तस्विर हारित रेग्मी)*

## राष्ट्रिय वाणिज्य बैकद्वारा ग्राहक सम्मानित

माघ १ वानेश्वर

सेवाको स्वर्ण वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गर्न लागेको राष्ट्रिय वाणिज्य बैंकले बैकसंग उत्कृष्ठ कारोवार गर्न ग्राहकहरुलाई सम्मानित गरेको छ। राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय वानेश्वरको पहलमा सो शाखामा कारोवार गर्ने ३२ ग्राहकलाई बैकका नायव महाप्रवन्धक सुशिल श्रेष्ठले एक विशेषः समारोहका वीच सम्मान पत्र प्रदान गर्नुभयो। सो अवसरमा नायव महाप्रवन्धक सुशिल श्रेष्ठले बैक र ग्राहक एक अर्काका परिपूरक रही दुबैको उन्नति पारस्परिक चासोको विषय भएको वताउँदै ग्राहकका गुनासा सुझावलाई बैकले क्षमताले भ्याएसम्म कार्यान्वयन गर्ने प्रतिवध्दता प्रकट गर्नुभएको थियो।

सो अवसरमा सम्मानित ग्राहकका तर्फबाट सांसद वावुराम पोखेलले अधिकांश सरकारी संस्थाहरु धराशायी भएका ,चलेका संस्थाहरु पनि कमजोर पाईएकोमा बैकिंग क्षेत्रमा भने सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंकले सफलतापूर्वक अघि बढेर राम्रो पहिचान बनाउन सफल भएको वताउनुभयो। सो अवसरमा अर्का सम्मानित ग्राहक साना किसान बैकका प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माले सरल व्याजदरमा साना किसान बैकलाई कर्जा सापट उपलव्ध गराई देशको



कृषि क्षेत्रमा संलग्न साना किसानको आर्थिक सामाजिक उत्थानमा रावावैकले पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो । शाखा प्रवन्धक दिवाकर वशिष्टको स्वागत मन्तव्यबाट आरम्भ उक्त कार्यक्रममा प्राइम बैकका संचालक उदय मोहन श्रेष्ठ,राष्ट्रिय वाणिज्य बैकका वरिष्ठ प्रवन्धक मुकुन्द अर्याल लगायतका वक्ताले बैकका सेवा र ग्राहक बैक सम्वन्धबारे संक्षिप्त मन्तव्य दिनुभएको थियो।

Published by: Rastriya Banijya Bank, Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595 Ext. 2423
Chief Advisor : Act. CEO Bheshraj Panthi, Editor in Chief : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Adarsha Printing Press Pvt. Ltd.